## आर्थिक वर्ष २०८२/८३ को लागि दोस्रो गाउँसभाको १७औं अधिवेशनमा उपाध्यक्ष श्री आश्राचन राईज्यूबाट प्रस्तुत भएको बजेट भाषण

**सम्मानित सभाका सभाध्यक्ष ज्यू, सभाका सम्पूर्ण सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरु, उपस्थित महानुभावहरु!**

१. सत्रौं गाउँसभामा उपस्थित हुनुभएका सम्पूर्णमा हार्दिक अभिवादन र स्वागत व्यक्त गर्दै नेपालको संविधानको धारा २३० को व्यवस्था बमोजिम मानेभन्ज्याङ गाउँपालिकाको उपाध्यक्ष तथा यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु

२. यस अवसरमा म राष्ट्रिय स्वाधिनताको रक्षा र संघीय लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्था स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन लगायत विभिन्न आन्दोलनहरुमा आफ्नो ज्यानको आहूती दिनुहुने महान शहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक राज्य प्रणाली, नेपाल सरकार, प्रदेश सरकार, मानेभन्ज्याङ गाउँपालिकाका विभिन्न कानुनहरु, आवधिक योजना, दिगो विकासका लक्ष्यहरु तथा गाउँपालिकाका नीति तथा कार्यक्रमलाई आधार मानेको छु।

४. संविधानको मुख्य मर्म वित्तीय सङ्घीयता अन्तरगत आन्तरिक स्रोत सङ्कलन र परिचालन गर्ने अधिकार रहेको छ । तर मानेभन्ज्याङ गाउँपालिकाको सङ्कलित आन्तरिक आम्दानी तथा राजस्वको अवस्था हेर्दा न्यून रुपमा आन्तरिक आय सङ्कलन भएको देखिन्छ । नागरिकले तिरेको करबाट नै सबल स्थानीय तह निर्माण हुने तथा स्थानीय सरकारको स्थायित्व मुख्य आधार पनि आन्तरिक आम्दानी नै भएकोले सम्पूर्ण मानेभन्ज्याङवासी नागरिकहरुमा तोकिएको समयमा आफूले तिर्नु पर्ने करका दायित्वहरु भुक्तानी गरिदिन हुन सादर अनुरोध गर्दछु ।

५. स्थानीय माग र आवश्यकता अथाह छ सबै क्षेत्रलाई समेटेर बजेट निर्माण गर्नु चुनौतिपूर्ण अवस्था रहेको छ । तथापी उपलब्ध स्रोतको समुचित बाँडफाँड गर्ने प्रयास गरिएको छ । सबैलाई सबै योजना र कार्यक्रमबाट समेट्न नसके पनि सबैको प्रतिनिधित्व हुने गरी समेटिएको छ भन्ने विश्वास लिएकोछु ।

६. आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासको आवश्यकता तथा नागरिकका अपेक्षालाई प्राथमिकता दिएको छु ।अनुत्पादक लागानी र अनावश्यक खर्चलाई कटौती

CamScanner

गर्दै स्थानीय स्रोत साधन, स्थानीय सीप र जनशक्ति परिचालन गर्दै सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रमलाई प्राथमिकता दिएको छु ।

**सभाध्यक्ष महोदय !**

७. अब म चालु आ.व.को असार ९ गते सम्मको अवधिको बजेटको प्रगति र समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु। चालु आव २०८१/८२ मा शुरु बजेट ५१ करोड १० लाख ३१ हजार ३७९ रुपैंया रहेकोमा आर्थिक वर्षको चौथो त्रैमासिक सम्ममा संशोधित अनुमान ५२ करोड १ लाख ८१ हजार २९१ रुपैयाँ ४ पैसा पुगेको छ । जसमध्ये समिक्षा अवधिमा ४३ करोड ७३ लाख ४४ हजार २३७ रुपैयाँ ७८ पैसा अनुदान तथा राजश्व प्राप्ति र गत आवको बैंक मौज्दात अ.ल्या. २ करोड ७३ लाख ६२ हजार ९१२ रुपैयाँ ४ पैसा गरी जम्मा आम्दानी र प्राप्ति ४६ करोड ४७ लाख ७ हजार १४९ रुपैयाँ ४ पैसा रहेको छ । यो कुल बजेटको ८९ प्रतिशत हो । गत आवको यही अवधिमा कुल बजेटको ८७ प्रतिशत अनुदान तथा राजश्व प्राप्ति तथा बैंक मौज्दात रहेको थियो ।

८. प्राप्त अनुदान तथा राजश्व मध्ये संघीय सरकारबाट हस्तान्तरण गरिएको अनुदान रकम ३३ करोड १३ लाख ८० हजार ४० रुपैयाँ, प्रदेश सरकारबाट हस्तान्तरण भएको अनुदान रकम २ करोड ७३ लाख १३ हजार रहेको छ । त्यस्तै संघ तथा प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँटको रकम ७ करोड ४५ लाख ९२ हजार २ दुई सय ७४ रुपैयाँ र आन्तरिक राजश्व रकम ४० लाख ५८ हजार ९ सय २३ रुपैयाँ १० पैसा तथा बाँकी गत आवको बैंक मौज्दात अल्या रहेको छ ।

९. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटको अनुमान रकम ९ करोड ४७ लाख ७६ हजार रहेकोमा समिक्षा अवधिमा ७ करोड ४५ लाख ९२ हजार २ सय ७४ रुपैयाँ मात्र प्राप्त भएको छ जुन कुल अनुमानको ७८ प्रतिशत हो ।।राजश्व बाँडफाट आम्दानीबाट गाउँपालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा अत्यधिक चाप सिर्जना गरेको छ । ।

१०. त्यसै गरी चालु आवमा संघीय सरकार समानीकरण अनुदानको ८ दशमलव २४ प्रतिशत कट्टा अर्थात ८ करोड ७९ लाख समानीकरण बजेटको ७२ लाख ४२ हजार ९ सय ६० रुपैयाँ कट्टी भएको कारणले पुँजीगत खर्च (विकास बजेट) तर्फको आयोजना/कार्यक्रमहरु तथा यस स्रोतबाट विनियोजन भएका चालु तर्फका केही

कार्यक्रमहरुको भुक्तानी चालु आर्थिक वर्षमा गर्न नसकिने परिस्थिति उत्पन्न हुनसक्ने तर्फ समेत सचेत हुनुपर्ने देखिन्छ ।

११. त्यसै गरी चालु आवको अनुमानित आन्तरिक राजश्व रकम ८० लाख रहेकोमा समिक्षा अवधिमा ४० लाख ५८ हजार ९ सय २३ रुपैयाँ १० पैसा संकलन भएको छ । जुन कुल अनुमानको ५० दशमलव ७३ प्रतिशत हो । गत आवमा यही अवधिमा आन्तरिक राजश्व संकलन ३४ प्रतिशत रहेको थियो ।यसले हाम्रो आन्तरिक राजश्व संकलनको अवस्था सुधारोन्मुख देखाउँछ ।महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालित स्थानीय राजश्व मोडुल मार्फत चालु आव देखि राजश्व संकलन (अनलाईनमा आधारित) गरिएको कारणबाट समेत राजश्व संकलनमा थप सुधार एवं पार्दशित प्रदर्शित भएको मान्नु पर्छ । लक्षित राजश्व संकलन गर्न आगामी आर्थिक वर्षको सुरुवातबाट नै आर्थिक ऐनको प्रभावकारी कार्यान्वायन गर्नुपर्ने देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

१२. अब म चालु आबको समिक्षा अवधिमा भएको खर्चको प्रगति सभासमक्ष प्रस्तुत गर्न चाहन्छु ।

चालु आबमा हाल (असार ९) सम्म कुल बजेटको ६५ दशमलव १९ प्रतिशत खर्च भएको छ । गत आवमा यही अवधिमा खर्चको प्रगति ६३ प्रतिशत रहेको थियो । यसले विगत आब भन्दा गाउँपालिकाले २ प्रतिशतले बढी खर्च गर्न सफल भएको देखाउँछ ।

१३. कुल खर्च रकम मध्ये चालु खर्च ७३ दशमलव २९ प्रतिशत पुँजीगत खर्च ४३ दशमलव २२ प्रतिशत रहेको छ । गत आ.ब.को यही अवधिमा चालु खर्च ६४ प्रतिशत र पुँजिगत खर्च ५९ प्रतिशत रहेको थियो ।यसले चालु खर्चमा मितव्ययिता बढेको तथा विकास निर्माण लगायतका पुँजिगत खर्चमा प्रगति सन्तोषजनक नभएको देखिन्छ ।

**सभाध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरु,**

१४. अब म यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्षका लागि आय तथा व्ययको अनुमान (बजेट) र व्यय तर्फ विनियोज भएका कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।सर्वप्रथम म आय र व्ययको सारांश प्रस्तुत गर्न चाहन्छु ।आगामी आर्थिक वर्षका लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तारण, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार राजश्व बाँडफाँट र सवारी साधन कर, गाउँपालिकाको आन्तरिक राजश्व र चालु आवको अनुमानित बैंक मौज्दातको विवरण र त्यसबाट विनियोजन हुने कार्यक्रमहरुको विवरण सम्मानित सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु

१५. आगामी आर्थिक वर्षमा कुल ५३,०९,०४,००० (त्रिपन्न करोड नौ लाख ४ हजार मात्र) आय अनुमान गरिएको छ । जसलाई म शीर्षगत रुपमा प्रस्तुत गर्दछु ।

| क्र.सं. | अनुदान/राजश्वका प्रकार | रकम | कैफियत |
|---|---|---|---|
| | संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण | | |
| १ | वित्तीय समानीकरण | ९,००,००,००० | नौ करोड |
| १. | सशर्त चालु अनुदान | २२,९३,००,००० | बाईस करोड त्रियानब्बे हजार |
| २. | सशर्त पुंजीगत अनुदान | २,३६,००,००० | दुई करोड छत्तीस लाख |
| ३. | समपूरक अनुदान पुंजीगत | १,२२,००,००० | एक करोड बाईस लाख |
| ४. | विशेष अनुदान चालु | १,६५,००,००० | एक करोड पैसठ्ठी लाख |
| | जम्मा | ३७,१६,००,००० | सैती करोड सोह्र लाख |
| | प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण | | |
| ५. | वित्तीय समानीकरण | ८०,२७,००० | असी लाख सत्ताईस हजार |
| ६. | सशर्त चालु अनुदान | २२,६४,००० | बाईस लाख चौसठ्ठी हजार |
| ७. | सशर्त पुंजीगत अनुदान | ५५,३०,००० | पचपन्न लाख तीस हजार |
| ८. | समपूरक अनुदान पुंजीगत | १,४०,००,००० | एक करोड चालीस लाख |
| | जम्मा | २,९८,२१,००० | दुई करोड अन्ठानब्बे लाख एक्काईस हजार |
| | बाँडफाँटबाट प्राप्त हुने राजश्व | | |
| ८. | बाडफाँटबाट प्राप्त राजश्व-संघीय सरकार | ८,६८,००,००० | आठ करोड अठसठ्ठी हजार |
| ९. | बाडफाँटबाट प्राप्त राजश्व-प्रदेश सरकार | ६१,८३,००० | एकसठ्ठी लाख त्रियासी हजार |
| १०. | बाडफाँटबाट प्राप्त दहत्तर बहत्तर शुल्क | ३०,००,००० | तीस लाख |

CS CamScanner

| | | | |
|---|---|---|---|
| ११. | घरजग्गा रजिष्ट्रेसन शुल्क | ९,९५,००० | नौ लाख पन्चान्बे हजार |
| १२. | बाइफाँटबाट प्राप्त रोयल्टी | ५,००० | पाँच हजार |
| जम्मा | | ९,६९,८३,००० | नौ करोड अठहत्तर लाख त्रियासी हजार |
| आन्तरिक राजश्व र बैंक मौज्दात | | | |
| १३. | आन्तरिक राजश्व | ८०००००० | असी लाख |
| १४. | बैंक मौज्दात | २,४५,००००० | दुई करोड पैतालीस हजार |
| जम्मा | | ३,२५,००,०००/- | तीन करोड तीस लाख |
| कुल जम्मा आय अनुमान | | ५३,०९,०४,०००/- | त्रिपन्न करोड नौ लाख चार हजार |

सभाध्यक्ष महोदय,

१६. अब म सम्मानित सभासमक्ष अघि उल्लिखित आय अनुमानबाट विनियोजित कार्यक्रम सम्मानित सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।यी कार्यक्रमहरुलाई तीन भागमा सम्मनित सभासमक्ष वाचन गर्न चाहन्छु ।

क. संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमहरु

ख. प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्याक्रमहरु

ग. गाउँपालिकाले विनियोजन गर्ने कार्यक्रमहरु

१७. सर्वप्रथम स संघीय सरकारबाट हस्तान्तरित सशर्त सशर्त अनुदान रकम रु. २८,१६,००,००००/- (अठ्ठाईस करोड सोह्र लाख) बाट विनियोजित कार्यक्रमहरु सभासमक्ष प्रस्तुत गर्न चाहन्छु । यस अन्तरगत सशर्त चालु अनुदान, सशर्त पुँजीगत अनुदान, समपूरक अनुदान र विशेष अनुदान रहेका छन ।

यसका विस्तृत कार्यक्रम अनुसूची - १ मा उल्लख गरिएको छ ।

१८. यसपछि म प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान रकम रु. २,१७,९४,०००/- (दुई करोड सत्र लाख चौरानब्बे हजार) बाट विनियोजित कार्यक्रमहरु सभासमक्ष पढेर सुनाउन चाहन्छु । यस अन्तरगत सशर्त चालु र पुँजीगत तथा समपूरक अनुदान रहेका छन् ।

यसका विस्तृत कार्यक्रम अनुसूची - २ मा उल्लेख गरिएको छ ।

१९. त्यसैगरी, गाउँपालिकाबाट विनियोजित रकम रु. २२,७५,१०,०००/- (बाईस करोड ७५ लाख दश हजार रुपैया) को कार्यक्रमहरु सम्मानित सभासमक्ष प्रस्तुत गर्न चाहन्छु। वित्तीय समानीकरण, राजश्व बाँडफाँट तथा आन्तरिक राजश्व र बैंक मौज्दातबाट गाउँपालिकाले विभिन्न कार्यक्रमहरुमा बजेट विनियोजन गरेको छ । पालिकास्तरको योजनाको लागि ७ करोड ४५ लाख ४९ हजार ६ सय, स्वास्थ्य क्षेत्रमा १ करोड ५६ लाख २५ हजार, शिक्षाको लागि २ करोड ३५ लाख ९० हजार, महिला विकास तर्फ ६ लगायतका शाखागत विनियोजन रहेको छ । साथै वडा तर्फ ३ करोड ३३ लाख विनियोजन गरिएको छ । कार्यालय सञ्चालन तथा प्रसाशनिक खर्च तर्फ ७ करोड ९८ लाख ४५ हजार ४ सय रुपैया रहेको छ ।

यसका विस्तृत कार्यक्रम अनुसूची- ३ मा उल्लेख गरिएको छ ।

सभाध्यक्ष ज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

२०. अन्त्यमा, प्रस्तुत नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारी ज्यूहरु लगायत सबैप्रति हार्दिक आभार प्रकट गर्दछु । धन्यवाद ! जय मानेभन्ज्याङ!

उपाध्यक्ष
आश्राचन राई
मानेभन्ज्याङ गाउँपालिका
मितिः २०८२/०३/१०

CamScanner